# आर्थिक वर्ष २०८०/०८१ को न्याय समितिको प्रतिवेदन

त्रिवेणी गाउँपालिका

सल्यान

२०७३

त्रिवेणी गाउँपालिकाको आ.व.2080/081 को न्याय समितिको प्रतिवेदन

गाउँसभाको बैठकमा मिति २०८१ असार १० गते सोमबार

न्याय समितिका सदस्य एवं गाउँसभा सदस्य श्री मोहनसिं के सीज्यू द्धारा

प्रस्तुत

# आर्थिक वर्ष २०८०/०८१ को न्याय समितिको प्रतिवेदन

त्रिवेणी गाउँपालिका

सल्यान

कर्णाली प्रदेश

२०७३

त्रिवेणी गाउँपालिकाको आ.व.2080/081 को न्याय समितिको प्रतिवेदन

# २०८०/०८१ न्यायिक समितिको प्रतिवेदन

**सभाध्यक्ष ज्यू,**

१.सभाअध्यक्षज्यूको अनुमतिमा त्रिवेणी गाउँपालिकाको न्यायिक समितिको आ.व. २०८०/०८१ को बार्षिक प्रतिवेदन यस सम्मानित सभा समक्ष पेश गर्दछु।

स्थानीय स्तरमा न्याय सम्पादन गर्ने उदेश्यले, नेपालमा सामान्य अभ्यास प्राचिन कालदेखि नै रहेको भएता पनि नेपालको संविधान (२०७२) ले स्थानीय तहको न्यायिक अधिकारलाई संवैधानिक प्रत्याभूति दिन संस्थागत ब्यबस्था गरेको छ।नेपालको संविधानको धारा १२७ मा न्यायिक समितिको गठन गर्ने ब्यवस्था भए बमोजिम यस त्रिवेणी गाउँपालिकाको न्यायिक समितिको गठन भएको थियो।

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ परिच्छेद ८ को दफा ४७ र उपदफा १ र २ मा रहेको न्यायीक समितिको क्षेत्राधिकारको अधिनमा रहि त्रिवेणी गाउँपालिकाको न्यायीक समिति समक्ष दर्ता हुन आएका विभिन्न विवादहरुको न्याय निरुपन गर्न मिति २०७५।०३।१५ गते गते त्रिवेणी गाउँपालिकाको गाउँसभाबाट न्यायिक समितिको उजुरीको कारर्वाही किनारा गर्दा अपनाउनुपर्ने कार्यविधि ऐन २०७५ पारित भई लागु गरिएको छ।यसै ऐनको अधिनमा रहि न्यायीक समितमा दर्ता भएका विभिन्न विवादहरुको सत्य तथ्य विवरणका आधारमा रहि मेलमिलाप गराउने तथा निर्णय दिने कार्य यस न्यायिक समितिबाट हुदै आईरहेको छ।

आ.व.२०८०/०८१ र मिति २०८० श्रावन महिना देखि २०८१ असार ७ गते सम्म यस त्रिवेणी गाउँपालिकाको न्यायिक समितिमा पर्न आएका निवेदन/मुद्धाहरु जम्मा १० वटा मध्ये ७ वटा उजुरी गाउँपालिकाको न्यायिक इजलासमा मिलापत्र भएको छ ।२ वटा उजुरी प्रहरी चौकी सिफारीस गरिएको छ।बाँकी १ वटा उजुरी हाल सम्म पनि

सम्पर्कमा नआएको र निवेदन दिने पक्षबाट चासो नदेखाएको अवस्थामा छ। उक्त उजुरी पनि यथाशिघ्र फछ्यौट गर्न आवश्यक कदम चालिने छ।

## २. समितिको आवश्यकता

संघीय शासन प्रणाली अनुसार स्थानीय तहलाई कार्यकारिणी व्यवस्थापकीय र न्यायीक अधिकारले सम्पन्न गराउने क्रममा स्थानीय तहमा उत्पन्न देवानी प्रकृतिका सामान्य विवादहरुलाई स्थानीय स्तरमा नै समाधान गर्न वा मिलाउन आवश्यक भएकोले न्यायीक समिति सम्बन्धि व्यवस्थाको राज्यले आवश्यकता ठानेको हो ।

## ३ न्यायिक समितिको गठनको मुख्य उद्धेश्य

स्थानीय स्तरमा उत्पन्न देवानी प्रकृतिको सामान्य वा विवादहरु स्थानीय स्तरमा नै समाधान गरी विवादित दुबै पक्षलाई सन्तुष्टि दिलाई निजहरुको कानुनी उपचारमा आनावश्यक खर्च कम गराउनु, समयको बचत गराउनु, अनावश्यक दुख झन्झटलाई हटाई समाजमा स्वच्छ र सुमधुर सामाजिक सम्बन्ध कायम राखु हो।

## ४. न्यायिक समितिको गठन

यस त्रिवेणी गाउँपालिकामा स्थानीय निवार्चन सम्पन्न भए पश्चात बसेको गाउँसभाले पारित गरि मिति २०७५/०३/१५ गते न्यायिक समितिले उजुरीको कारबाही किनारा गर्दा अपनाउनुपर्ने कार्यबिधि २०७५ जारी भए संगै न्यायिक समिति गठन भएको थियो ।

## ५. न्यायिक समितिका सदस्यहरु

१. संयोजक श्री सिता खड्का पुन
२. सदस्य श्री पार्वती वि.क दलामे
३. सदस्य श्री मोहनसिं के.सी

त्रिवेणी गाउँपालिकाको आ.व.2080/081 को न्याय समितिको प्रतिवेदन

### ६.न्यायिक समितिले विवादका पक्षहरुबीच मेलमिलाप गराउन वा न्याय सम्पादन गर्ने क्रममा प्रयोग गर्न सक्ने सबै भन्दा ठुलो अधिकार

न्यायिक समिति समक्ष निवेदन दर्ता गरी आवश्यक प्रक्रिया अघि बढी रहँदा यदि कुनै पक्षको घर जग्गा जस्ता अचल सम्पति वा बैंक वा अन्य कुनै वित्तिय संस्थामा रहेको खाता रोक्का गर्न आवश्यक छ भन्ने कुरा न्यायिक समितिलाई मनासिब लागेमा सम्बन्धित व्यक्तिको जुनसुकै किसिमको चल अचल सम्पति रोक्का गर्न समितिको निर्णय सहित सम्बन्धित निकायलाई लिखित पत्राचार गर्न सक्नेछ ।यसरी रोक्काको लागि पत्राचार भए पछि सम्बन्धित निकायले त्यस्तो चल अचल सम्पत्ति फुकुवाको लागि पुनः न्यायिक समितिबाट पत्र प्राप्त नभए सो कामको लागि रोक्का गरी राख्नु पदर्छ र न्यायिक समितिले यो अधिकारको प्रयोगबाट कुनै पनि व्यक्तिले प्रचलित कानून बमोजिम पाउनु पर्ने सेवा, सुबिधा, हक वा अधिकारको सुनिश्चितता गर्न सक्दछ ।

### ७.स्थानीय सरकार संचालन ऐन २०७४, अनुसार स्थानीय तहको न्यायिक अधिकारहरु

स्थानीय सरकार सञ्चालन ऐन २०७४ का व्यवस्थालाई केलाउँदा न्यायिक समितिलाई २ प्रकारले न्याय निरुपन गर्ने अधिकार प्रदान गरेको छ ।

१. विवाद निरुपन गर्ने अधिकार प्रयोग गरी निरुपन गर्ने
२. मेलमिलापको माध्यमबाट मात्रै विवादको निरुपन

स्थानीय सरकार सञ्चालन ऐन २०७४, को परिच्छेद ८ मा न्यायिक कार्य सम्बन्धी ब्यवस्था गरिएको छ । दफा ४६ र ४७ मा न्यायिक समितिको व्यवस्था र अधिकार क्षेत्र तोकिएको छ ।

स्थानीय सरकार सञ्चालन ऐन २०७४, को दफा ४७ अनुसार न्यायिक समितलाई देहायका विवादको निरुपन गर्ने अधिकार हुनेछ ।

क. आलीधुर बाँध पैनी कूलो वा पानीघाटको बाँडफाँड तथा उपयोग

ख. अर्काको बाली नोक्सानी गरेको

ग. चरण घाँस दाउरा

घ. ज्याला मजदुरी नदिएको

ङ. घरपालुवा पशुपंक्षी हराएको वा पाएको

च. ज्येष्ठ नागरिएकको पालन पोषण  तथा हेरचाह नगरेको

छ. नाबालक छोरा छोरी वा पति पत्नीलाई ईज्जत आमद अनुसार खान वा शिक्षा दिक्षा नदिएको

ज. बार्षिक पच्चीस लाख रुपैयासम्मको बिगो घर बहाल र घर बहाल सुविधा

झ. अन्य व्यक्तिको घर जग्गा वा सम्पतिलाई असर पर्ने गरी रुख विरुवा लगाएको

ञ. आफ्नो घर वा बलेसीबाट अर्को घर जग्गा वा सार्वजनिक बाटोमा पानी झारेको

ट. साँधियारको जग्गा तर्फ झ्याल राखी घर बनाउनु पर्दा कानून बमोजिम छोड्नु पर्ने परिमाणको जग्गा नछोडि बनाएको

ठ. कसैको हक वा स्वातित्वमा भए पनि परापुर्वदेखि सार्वजनिक रुपमा प्रयोग हुदै आएको बाटो बस्तुभाउ निकाल्ने बस्तुभाउ चराउने कुलो नहर पोखरी पाटी पौवा अन्येष्टि स्थल वा अन्य कुनै सार्वजनिक स्थलको उपयोग गर्न नदिएको बाधा पुर्याएको

ड. संघीय वा प्रदेश कानूनले स्थानीय तहबाट निरुपन हुने भनि तोकेको अन्य विवाद

**८. न्यायिक समितिलाई देहायका विवादहरुमा मेलमिलापको मध्यमबाट मात्र विवादको निरुपन गर्ने अधिकार हुनेछ ।**

क. सरकारी सार्वजनिक वा सामुदायिक वा सामुदायिक बाहेक एकको हकको जग्गा अर्कोले चापी मिची वा घुसाई खाएको

त्रिवेणी गाउँपालिकाको आ.व.२०८०/०८१ को न्याय समितिको प्रतिवेदन

ख. सरकारी सार्वजनिक वा सामुदायिक बाहेक आफ्नो हक नपुग्ने अरुको जग्गामा घर वा कुनै संरचना बनाएको

ग. पति पत्नीको बीचको सम्बन्ध विच्छेद

घ. अङ्गभङ्ग बाहेकको बढीमा एक बर्षसम्म कैद हुन सक्ने कुटपिट

ङ. गाली बेईज्जी

च. लुटपिट

छ. पशुपक्षी छाडा छाडेको वा पशुपंक्षी राख्दा वा पाल्दा लापरबाही गरी अरुलाई असर पारेको

ज. अरुको आवासमा अनाधिकृत प्रवेश गरेको

झ. अर्कोको हक भोगमा रहेको ज्गा आवाद वा भोग चलन गरेको

ञ. ध्वनी प्रदुषण गरी वा फोहोरमैला फ्याकी छिमेकीलाई असर पुर्याएको

ट. प्रचलति कानून बमोजिम मेलमिलाप हुन सक्ने व्यक्ति भई दायर हुने अन्य देवानी र एक बर्षसम्म कैद हुन सक्ने फौजदारी विवाद

**९.न्यायिक समितिबाट हुने विवाद समाधान प्रक्रियाको सामान्य चरणहरु**

१.निवेदन,

२.दरपिट,

३.निवेदनदर्ता गरी निस्सा दिने,

४.आवश्यकता अनुसार अन्तरिम संरक्षणात्मक वा रोक्का आदेश गर्नुपर्ने,

५.म्याद तामेली ,

६.प्रतिउत्तर पेश गर्ने,

७.मेलमिलापको प्रयास,

८.मेलमिलाप नभएमा ऐनको दफा ४७ २ को विवाद भएमा अदालत पठाउने ।

९.मेलमिलाप नभएको विवाद दफा ४७ १ अन्तर्गतको विवाद भएमा न्यायिक समितिबाट विवादको निरुपन गर्ने

१० मेलमिलाप भएपाछि न्यायिक समितिबाट मिलापत्र प्रमाणित गरी एक/एक प्रति दुबै पक्षलाई दिई अभिलेख राख्ने

## १०.आ.व २०८०/०८१ का उजुरीहरुको विवरण

| क्र.स | मुद्धाहरुको विषयहरु | जम्मा | मिलापत्र भएको | मिलापत्र हुन बाँकी | कैफियत |
|---|---|---|---|---|---|
| १ | घेरबार र वाटो सम्बन्धि विवाद | १ | १ | | |
| २ | पालन पोषण र उचित हेरचाह | २ | २ | | |
| ३ | खानेपानी र सार्वजनिक बाटो | १ | | १ | |
| ४ | ज्याला मजदुरी सम्बन्धी | १ | १ | | सिफारिस गरिएको |
| ५ | लेनदेन सम्बन्धी | ३ | २ | १ | |
| ६ | रुख विरुवा र साधी सम्बन्धी | १ | १ | | |
| ७ | घर जग्गा नामसारी | १ | | | सिफारिस गरिएको |
| जम्मा | | | ७ | २ | २ |

## ११.न्यायिक समितिबाट यस आर्थिक वर्षमा सम्पन्न गरिएका गतिविधिहरु

क. मेलमिलापकर्ता छनोट सम्बन्धी अभिमुखीकरण कार्यक्रम,

ख. मेलमिलापकर्ताको लागि सूचना आव्हान ,

ग. मेलामिलापकर्ता सिफारिस गराउनका लागि वडाहरुलाई पत्राचार,

घ. वडाहरुको सिफारिस सहित मेलमिलापकर्ता छनौट भएको,

त्रिवेणी गाउँपालिकाको आ.व.2080/081 को न्याय समितिको प्रतिवेदन

ङ. न्यायिक समितिमा उजुरीहरुको छलफलका लागि १० वटा बैठक सम्पन्न,.

**१२.न्यायिक समितिका चुनौति र समस्याहरु**

क. पक्षहरुलाई उपस्थित गराउने प्रक्रिया र माध्यममा समस्या,

ख. कतिपय अवस्थामा समय लाग्ने,

ग. पक्षहरु असल नियतले मेलमिलापमा नबसेमा समाधान नहुने,

घ. दुवै पक्ष सहमत नभएमा मेलमिलापको सहमति कार्यान्वयन संयन्त्रको अभाव,

ङ. मेलमिलापबाट सवै समाधानमा पुग्न नसकिने,

च. तालिम प्रदान गर्ने समयमा आवश्यक अनुगमन र फिडव्याकको अभाव रहनु,

छ. न्यायिक ईजलास व्यवस्थानमा अभाव ।

**१३.समस्या समाधानका लागि आवश्यक सुझावहरु**

क. मेलमिलापको बारेमा ग्रामिण भेगहरुमा समेत चेनता अभिबृद्धि गर्नुपर्ने ,

ख. मेलमिलापका विषयमा तालिम संचालन गर्न दक्ष व्यक्ति वा निकायबाट व्यवस्था गर्नुपर्ने,

ग. न्यायिक समितका निर्णहरु कार्यान्वयका लागि कार्यपालिकाबाट पुर्ण सहयोग हुनुपर्ने,

घ. न्यायिक ईजलासको व्यवस्थापनमा ध्यान दिनुपर्ने ।

**१४.सिकाई**

क. सहजिकरणद्वारा विवाद समाधान,

ख. पक्षहरुसंगको अलग अलग भेटघाट र छलफलबाट विवाद समाधान,

ग. पक्षहरुको हकदैया क्षेत्राधिकार र हदम्यादको बारेमा प्रष्टता

घ. व्यवहार र नैतिकता सँग प्राकृतिक न्यायको सिद्धान्तको आत्मसाथ गर्नुपर्ने,

ङ. शिष्ट र सभ्य व्यवहारको प्रयोगबाट विवाद समाधानमा सहजता,

च. मेलमिलापको सीपबाट छलफल गर्दा विवाद समाधानमा सहजता ।

त्रिवेणी गाँउपालिकाको आ.व. 2080/081 को न्याय समितिको प्रतिवेदन

१५.निष्कर्ष

१. न्यायमा पहुच सहज र विवादको दिगो समाधानका लागि न्यायिक समिति एउटा उत्तम विकल्प हो यस्तो नविनतम पद्धतीलाई प्रभावकारीताका साथा देशव्यापी रुपले अगाडी बढाउनु राज्यको दायित्व हो । यसका लागि व्यापक प्रचार प्रसार र न्यायिक समितिका पदाधिकारी र मेलमिलापकर्ताको क्षमता अभिवृद्धि जस्ता कार्यहरुमा राज्यले ध्यान दिनु पर्दछ।विभिन्न स्वरुपमा छरिएर रहेका स्थानीय न्यायिक समितिबाट मेलमिलाप सम्बन्धि प्रचलनलाई समेत न्यायको मापदण्ड भित्र पारी सञ्चालनमा ल्याउनु र न्यायिक समिति र मेलमिलापका सन्दर्भमा देखिएका चुनौतिहरुलाई सम्बोधन गर्न आवश्यक छ ।

सिता खड्का पुन
संयोजक
त्रिवेणी गाउँपालिका

त्रिवेणी गाउँपालिकाको आ.व.2080/081 को न्याय समितिको प्रतिवेदन